वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

वीरगंज, पर्सा

प्रदेश नं.२, नेपाल

## रोजगार संयोजक पदपूर्ति सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७७/०४/०१)

वीरगंज महानगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि रोजगार संयोजकको रिक्त दरबन्दीमा "रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६" बमोजिम "रोजगार संयोजक" पदको रुपमा देहाय बमोजिमको जनशक्ति पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको राजश्व व्यवस्थापन महाशाखाबाट राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी दरखास्त फारम र पाठ्यक्रम कार्यालयबाट वा कार्यालयको वेबसाईट www.birgunjmun.gov.np बाट उपलब्ध हुनेछ । कार्यविवरण, पारिश्रमिक र सेवा सम्बन्धी शर्तहरु उल्लेखित मापदण्डले तोके बमोजिम हुनेछ ।

तपसिल

| विज्ञापन नं. | पद नाम | तह | संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०१/०७७/०७८ | रोजगार संयोजक | स्थानीय सेवाको छैठौं तह सरह | १ | १०००/- | १ वर्षको लागि करारमा । |

<u>न्यून्तम योग्यता:</u>

१. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नात्तक तह वा सो सरह उतीर्ण गरेको ।

२. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको ।

३. भविष्यमा सरकारी सेवाका लागि आयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

४. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

<u>परीक्षाको किसिम:</u> *लिखित र प्रयोगात्मक*

प्रमुख प्रशासकिय अधिकृत